# विहादी गाउँपालिका

## स्थानीय राजपत्र

| | | |
|---|---|---|
| **खण्ड ५** | **संख्या ५** | **मिति २०७८।११।२७** |

# भाग १

## विहादी गाउँपालिका
## गण्डकी प्रदेश, नेपाल

# विहादी गाउँपालिका पर्वतमा अन्य सेवामा कार्यरत कर्मचारीहरुको व्यवस्थापन गर्न बनेको ऐन, २०७८

विहादी गाउँपालिका अन्तरगतका कार्यालयहरुमा कार्यरत अन्य सेवामा कार्यरत कर्मचारिहरुको व्यवस्थापन गर्न थप कानुनी व्यवस्था गर्नुपर्न भएकाले नेपालको संविधानको धारा २२६ को उपधारा (१) को अधिकार प्रयोग गरि विहादी गाउँसभाले यो ऐन बनाई विहादी गाउँपालिकाको स्थानीय राजपत्र सम्बन्धि कार्यविधि, २०७५ बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

# विहादी गाउँपालिका, पर्वतमा समायोजन भएका कर्मचारीहरुको सम्बन्धमा व्यवस्थापन गर्न बनेको ऐन, २०७८

गाउँ सभाबाट पारित मिति : २०७८।११।१८

कर्मचारी समायोजन ऐन २०७५ बमोजिम अन्य सेवाबाट समायोजन भई विहादी गाउँपालिकामा पदस्थापन भएका कर्मचारीहरु समायोजन हुँदाका बखत तह वृद्धि हुन नसकेको तथा कर्मचारी समायोजन ऐन बमोजिम विभिन्न सरकारी निकायबाट यस गाउँपालिकामा समायोजन भएका अन्य सेवाका कर्मचारीहरुको सेवा अवधि र अन्य कारणवाट तह वृद्धि हुन नसकी वृति विकास अवरुद्ध भई कर्मचारीको कार्यसम्पादन तथा समग्र गाउँपालिकाको कार्यसम्पादनमा समेत असर परेकोले, साविकको जिल्ला विकास समितिबाट स्थायी नियुक्ती पाएर यस गाउँपालिका अन्तरगत हालसम्म कामकाज गरी रहेका, अन्य सरकारी सेवाबाट तथा अन्य स्थानीय निकायबाट सरुवा, समायोजन तथा पदस्थापन भएका अन्य सेवाबाट समायोजन भएका कर्मचारीहरुको तहवृद्धि एवं तलबवृद्धि सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको अनुसुचि ८ मा उल्लेख भए बमोजिमको स्थानिय तहको एकल अधिकार सूची, संविधानको धारा २२६, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम विहादी गाउँपालिकाको नवौं गाउँसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम “समायोजन भएका कर्मचारीहरुका सम्बन्धमा व्यवस्थापन गर्न बनेको ऐन, २०७८” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा -

(क) “ऐन” भन्नाले “समायोजन भएका कर्मचारीहरुको सम्बन्धमा व्यवस्थापन गर्न बनेको ऐन, २०७८” लाई सम्झनु पर्दछ ।

(ख) “कर्मचारी” भन्नाले कर्मचारी समायोजन ऐन २०७५ जारी हुँदाका बखत सम्म साविकको जिल्ला विकास समिति अन्तरगत स्थायी नियुक्ति पाई सेवामा कार्यरत रहेका कर्मचारीहरु जुन कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम अन्य सेवाबाट समायोजन भइ विहादी गाउँपालिकामा पदस्थापन भएका कर्मचारी, समायोजनका क्रममा अन्य सेवाबाट तथा अन्य स्थानीय तहबाट समायोजन भई यस गाउँपालिकामा कामकाज गर्न खटाईएका कर्मचारी, समायोजन हुँदाका बखत तह वृद्धि नभई यस गाउँपालिकामा समायोजन भएका सरकारी तथा अन्य सेवाका स्थायी कर्मचारीलाई सम्झनु पर्दछ ।

(ग) “कार्यपालिका” भन्नाले विहादी गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) “गाउँ सभा” भन्नाले विहादी गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ ।

(ङ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४

वमोजिम नियुक्त गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।
(च) “स्थानीय सेवा” भन्नाले कर्मचारी समायोजन ऐन २०७५ जारी हुँदाका बखत विहादी गाउँपालिकाको स्थायी सेवामा कार्यरत कर्मचारी, समायोजनका क्रममा साविकको जिल्ला विकास समिति अन्तरगत स्थायी सेवाबाट तथा अन्य स्थानीय तहबाट समायोजन भई यस गाउँपालिकामा कामकाज गर्न खटाईएका सरकारी तथा अन्य सेवाका स्थायी कर्मचारी र लोकसेवाबाट पदपूर्ति भइआएका कर्मचारीहरुको सेवा समूहलाई सम्झनु पर्दछ ।

(छ) “गाउँपालिका” भन्नाले विहादी गाउँपालिकालाई सम्झनु पर्दछ ।
(ज) “स्थानीय कानुन” भन्नाले विहादी गाउँपालिकाबाट जारी भएका कानुनहरुलाई सम्झनु पर्दछ ।

३. स्थानीय सेवाका कर्मचारी बढुवा गर्ने : (१) साविकको स्थानीय निकाय अन्तरगतका हालको विहादी गाउँपालिकामा स्थायी रुपमा सेवा प्रवेश गरेका कर्मचारी, कर्मचारी समायोजनको क्रममा साविकको जिल्ला विकास समिति अन्तरगत स्थायी सेवाबाट तथा अन्य स्थानीय निकायमा स्थायी नियुक्ति भई यस गाउँपालिकामा तह वृद्धि नभई सरुवा, समायोजन, पदस्थापन भएका र यो ऐन जारी हुँदाका बखत गाउँपालिकामा कार्यरत स्थानीय सेवाका कर्मचारीहरुको उपदफा (३) बमोजिम तह वृद्धि गरी बढुवा गरिनेछ ।

(२) लोकसेवा आयोगबाट स्थानीय तहमा स्थायी पदपूर्ति भइ आएका कर्मचारी, समायोजनका हुँदा एक तह वृद्धि भएर पदपूर्ति भएका कर्मचारी र अन्य प्रचलित कर्मचारी ऐन अनुसार बढुवा वा तह वृद्धि हुने कर्मचारीहरुको हकमा यो ऐन आकर्षित हुने छैन ।

(३) उपदफा (१) बमोजिम बढुवा गर्दा कर्मचारी हाल कार्यरत तहमा स्थायी रुपमा अविछिन्न दश वर्ष सेवा अवधि पूरा गरेको र हाल कार्यरत तहको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हाँसिल गरेको कर्मचारीलाई देहाय बमोजिम तह वृद्धि गरी बढुवा गरिनेछ :-

| क.स. | हालको तह | बढुवा पछि कायम हुने तह | पद नाम | कैफियत |
|---|---|---|---|---|
| १ | सहायकस्तर चौथो तह | सहायकस्तर पाँचौ तह | सहायकस्तर पाँचौ | |
| २ | सहायकस्तर पाँचौ तह | अधिकृतस्तर छैटौं तह | अधिकृतस्तर छैटौं | |
| ३ | अधिकृतस्तर छैटौ तह | अधिकृतस्तर सातौं तह | अधिकृतस्तर सातौं | |
| ४ | कार्यालय सहयोगी | कार्यालय सहयोगी | कार्यालय सहयोगी | स्तर वृद्धि |

(४) यो ऐन लागु हुँदाका बखत कुनै कर्मचारीको हाल कार्यरत तहको सेवा अवधि शुरु स्थायी नियुक्ति भएको मितिदेखि दश वर्ष भन्दा कम रहेछ भने निजलाई निजले खाईपाई आएको ग्रेडमा दुई ग्रेड थप पाउने गरी ग्रेड मिलान गरिनेछ ।

यस उपदफामा जुनसुकै कुरा लेखिएको भएतापनि यस उपदफा बमोजिम थप ग्रेड पाएको कर्मचारी उपदफा (८) बमोजिम एक पटकको लागि तह वृद्धि हुन बाधा पुगेको मानिने छैन ।

(५) कुनै कर्मचारीले हाल कार्यरत तहको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हाँसिल नगरेको कारण उपदफा (३) बमोजिम बढुवा हुन नसकेमा निजले खाईपाई आएको ग्रेडमा दुई ग्रेड थप पाउने गरी ग्रेड मिलान गरिनेछ ।

(६) यस ऐन बमोजिम गाउँपालिकाको स्थानीय सेवाका कर्मचारी बढुवा गर्दा कायम हुने तलव निजले साविकमा खाइपाई आएको तलवभन्दा कम हुने भएमा ग्रेड थप गरी तलव मिलान गरिनेछ ।

(७) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (४) र (५) बमोजिम थप गरिएको ग्रेड त्यस्तो कर्मचारीले पाउने अधिकतम ग्रेड भन्दा बढी हुने भएमा त्यसरी थप भएको ग्रेड समेत दिइनेछ

(८) उपदफा (३) बमोजिमको सेवा अवधि पुरा नभएको कुनै कर्मचारी यस ऐनमा तोकिएको सेवा अवधि पुरा हुँदाका बखत एकपटकका लागि यस ऐन बमोजिम बढुवा हुन सक्नेछ ।

४. बढुवा पत्र दिने : (१) यस ऐन बमोजिम बढुवा भएपश्चात् गाउँपालिकाका स्थानीय सेवाका कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धि भएको पत्र दिनेछ ।
(२) उपदफा (१) बमोजिम दिइने पत्र अनुसूची-१ बमोजिमको हुनेछ ।

५. दरबन्दी कायम गरिने : दफा ३ बमोजिम तह वृद्धि भई बढुवा भएका गाउँपालिकाका स्थानीय सेवाका कर्मचारीहरुलाई बढुवा पश्चात पदस्थापना गर्नु अघि स्वतः पुल दरबन्दी कायम भएको मानिने छ । यसरी तह वृद्धि भई पुल दरवन्दीमा कायम भएका कर्मचारीलाई समायोजन गर्नु पूर्वको पदले सम्पादन गर्ने कामकाजमा लगाउन बाधा पुगेको मानिने छैन ।

६. पदस्थापना गरिने : दफा ३ बमोजिम बढुवा भएका गाउँपालिकाका स्थानीय सेवाका कर्मचारीहरुलाई गाउँपालिकाको स्वीकृत संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षण अनुसारका दरबन्दीमा उपयुक्त समूह तथा उपसमुहमा पदस्थापना गरिनेछ । गाउँपालिकाको स्वीकृत संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षण अनुसारको रिक्त दरबन्दी नभएसम्म बढुवा भएका कर्मचारीहरुले दफा ५ बमोजिम साविककै पदले सम्पादन गर्नुपर्ने कामाकाज गर्नुपर्नेछ ।

७. बढुवा भएका कर्मचारीको सेवा सुविधा : (१) यस ऐन वमोजिम बढुवा भएका स्थानीय सेवाका कर्मचारीहरुको तलब तथा अन्य सुविधा प्रचलित कानूनले तोके बमोजिम हुनेछ ।
(२) उपदफा (१) मा जेसुकै भनिएता पनि यो ऐन अनुसार बढुवा हुने कर्मचारीहरुले पाउने सेवा सुविधा लोकसेवा आयोगबाट स्थानीय सेवामा स्थायी पदपूर्ति भइ आएका सम्बन्धित तहका कर्मचारीसरह प्रचलित कानूनले तोके बमोजिम बढुवा भएको मितिदेखि मात्र पाउनेछन ।

८. जेष्ठताको गणना : यस ऐन बमोजिम बढुवा हुने कर्मचारीहरुको जेष्ठता बढुवा भएको मिति देखि गणना गरिनेछ ।

९. समूह मिलान सम्बन्धी व्यवस्था : कर्मचारी समायोजन हुँदाका बखत विभिन्न सरकारी सेवा, यस गाउँपालिकामा साविकमा कामकाज गरी रहेका तथा अन्य स्थानीय तहबाट समायोजन भई आएका कर्मचारीको साविकको सेवा/समूह गाउँपालिकाको स्वीकृत संगठन संरचना तथा दरबन्दीको सेवा तथा समूहसंग मिल्दो पद नभई निजले समूह मिलानको लागि निवेदन दिएमा एक पटकको लागि गाउँ कार्यपालिकाले निजले सम्पादन गरी आएको कार्य, गाउँपालिकाको आवश्यकता, र स्वीकृत संगठन संरचना तथा दरबन्दी समेतको अध्ययन गरी आवश्यकता अनुसार मिल्दो समूहमा मिलान गर्न सक्नेछ ।

१०. पदनाम सम्बन्धी व्यवस्था : कर्मचारी समायोजन हुँदाका बखत विभिन्न सरकारी सेवामा कार्यरत यस गाउँपालिकामा साविकमा कामकाज गरी रहेका तथा अन्य स्थानीय तहबाट समायोजन भई आएका कर्मचारीहरुको पदनामको सम्बन्धमा गाउँपालिकाको स्वीकृत संगठन तथा व्यवस्थापन सर्भेक्षण अनुसारको पदनाम कायम गर्न सक्नेछ ।

११. आवश्यक व्यवस्था मिलाउने : यस ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा कार्यपालिकाले यस ऐनको प्रतिकूल नहुने गरी आवश्यकतानुसार नियमावली वा मापदण्ड बनाइ बाधा अडकाउ फुकाउन सक्नेछ ।

अनुसुची १
द्यफा ४ को उपदफा (२) सँग सम्बन्धित
बढुवा पत्र

पत्र संख्या :
चलानी नं. :

मिति :

महाशय

विषय : बढुवा नियुक्ति ।

विहादी गाउँपालिकाको “समायोजन भएका कर्मचारीहरुका सम्बन्धमा व्यवस्थापन गर्न बनेको ऐन, २०७८” बमोजिम यस कार्यालयको मिति ................ को निर्णय अनुसार बढुवा भएको मितिदेखि जेष्ठता कायम हुने गरी तपाईलाई देहाय बमोजिमको तहमा बढुवा नियुक्ति गरिएको छ ।

“बढुवा हुनुभएकोमा हार्दिक बधाई छ” ।

तपशिल :

| हालको तह र कार्यालय | बढुवा गरिएको तह र कार्यालय |
|---|---|
| तह :<br>सेवा :<br>समुह :<br>कार्यालय : | तह :<br>सेवा :<br>समुह :<br>कार्यालय : |

श्री विहादी गाउँ कार्यापालिकाको कार्यालय, पर्वत ।

धुव दयाल
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :**
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाण्डौ ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदे्श, पोखरा ।
श्री कर्मचारी सञ्चयकोष, पोखरा ।
श्री नागरिक लगानी कोष, पोखरा ।
श्री आर्थिक प्रशासन शाखा, विहादी गाउँ कार्यपालिकाको कार्यालय, पर्वत ।

आज्ञाले
धुव दयाल
प्रमुख प्रशासकीय अधिकृत